**प्रधान कार्यालय, सामान्य सेवा बिभाग**

**घर भाडामा लिने सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना।**

(प्रथम पटक प्रकाशित मिति २०७६/१२/०१)

यस बैकको शाखा कार्यालय संचालनको लागि देहाय अनुसार स्थानहरुमा व्यापारिक क्षेत्रको मुख्य सडकमा अवस्थित घरको भुई तल्ला/पहिलो/दोश्रो तल्लाको करीब १४०० देखि २५०० वर्गफिट सम्म क्षेत्रफल भएको घर आवश्यकता भएकोले घर बहालमा दिन ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीले तोकिए बमोजिमको ढाँचामा सिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ।

तपशिल

| क.सं. | प्रस्तावित शाखा कार्यालय | ठेगाना | प्रस्तावित क्षेत्र | फारम बुझाउने स्थान र अन्तिम मिति |
|---|---|---|---|---|
| १. | ओखलढुङ्गा शाखा(३०५) | सिद्धिचरण नगरपालिका वडा नं:-१२, ओखलढुङ्गा बजार, ओखलढुङ्गा। | सिद्धिचरण नगरपालिका वडा नं:-१२, ओखलढुङ्गा बजार दायाँ बायाँ मुख्य बजार सडक क्षेत्र भित्रको घरहरु। | नै.बैं.लि.,प्रधान कार्यालय, सामान्य सेवा विभाग, काठमाडौं। मिति २०७६-१२-०७ गते कार्यालय समय भित्र। |
| २. | सल्लेरी शाखा (३०६) | सोलुदुधकुण्ड नगरपालिका वडा नं:-५, सल्लेरी बजार, सोलुखुम्बु। | सोलुदुधकुण्ड नगरपालिका वडा नं:-५, सल्लेरी बजार, दायाँ बायाँ मुख्य बजार सडक क्षेत्र भित्रको घरहरु। | नै.बैं.लि.,प्रधान कार्यालय, सामान्य सेवा विभाग, काठमाडौं। मिति २०७६-१२-०७ गते कार्यालय समय भित्र। |

**आवश्यक शर्त /सुविधाहरु :**

१ .प्रस्तावित घर RCC Frame Structure को हुनुपर्नेछ।
२. पानी, बत्ती, बाटोको व्यवस्था भएको हुनुपर्नेछ।
३. भवनको भुई तल्लामा ATM र जेनेरेटर राख्ने स्थान उपलब्ध भएको हुनुपर्नेछ।
४. सम्बन्धित निकायबाट घरको नक्सा पास भएको तथा निर्माण सम्पन्न प्रमाणपत्र लिएको हुनुपर्नेछ।
५. सडक निमार्णको मापदण्ड भित्र नपर्ने भएको हुनुपर्नेछ।
६. प्रस्तावित घरको सम्बन्धमा कुनै प्रकारको भै झगडा तथा मुद्दा मामिला नभएको हुनुपर्नेछ।
७. घर भाडामा दिने न्यूनतम समायावधि १० वर्ष र त्यसपछि नविकरण गर्न सकिनेछ।
८. फर्म तथा कम्पनीको नाममा रहेको घर भाडामा दिने भएमा फर्म दर्ता प्रमाण पत्र, PAN तथा संचालक समितिको निर्णय पेश गर्नुपर्नेछ।
९. पार्किङ्ग सुविधा सहितको प्रस्तावित घरलाई विशेष ग्राहयता दिईनेछ।

**दरखास्तकासाथ संलग्न हुनुपर्ने कागजातहरु :**

१. प्रस्तावित मासिक घर भाडा रकम (कर समेत) स्पष्ट रुपमा खुलाइएको घरधनीको प्रस्ताव।
२. घर जग्गाको ब्लु प्रिन्ट तथा ट्रेस नक्सा।
३. घर भएको क्षेत्र स्पष्ट देखिने लोकेशन म्याप नक्सा।
४. घरको नाप सहितको नक्सा तथा नक्सा बमोजिमको घर हुनुपर्नेछ।
५. भवन आचार संहिता सहितको Strucutral Drawing।
६. घरको फोटो र घरको स्वीकृत नक्सा पासको प्रमाणपत्रको प्रतिलिपी।
७. लालपूर्जा तथा घर धनीको नागरिकताको प्रतिलिपी।

**नोट :**

१. सिलबन्दी प्रस्ताव ढाँचा (निवेदन फाराम) यस बैंकको सामान्य सेवा विभाग वा बैंकको वेबसाईट www.nepalbank.com.np/notice बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।
२. उपरोक्त सम्बन्धमा थप जानकारी आवश्यक भएमा यस बैकको प्रधान कार्यालयको सामान्य सेवा विभागको टेलिफोन ०१४२२९६९२ (एक्सटेन्सन नं. ११४, २३०)मा सम्पर्क गर्न सकिनेछ।
३. प्राप्त भएको प्रस्तावहरुमा अंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस बैंकमा निहित रहनेछ। साथै स्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैक बाध्य हुने छैन।